☎०७८-५४०१७०, ५४१११६
Email:info@kawasotimun.gov.np
Website: kawasotimun.gov.np

कावासोती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

प.सं.
च.नं.

## रासायनिक मल विक्रेता सिफारिसको लागि आवेदन दिने सम्बन्धी सूचना।

प्रथम पटक सुचना प्रकाशन मितिः २०७७/०८/०३

प्रस्तुत विषयमा नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयद्धारा स्वीकृत अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ अनुसार मल वितरक कम्पनी (कृषि सामाग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेसन लिमिटेड) बाट नियुक्ति लिई रासायनिक मल विक्रिवितरण गरेका सहकारीहरुको विक्रेता प्रमाणपत्र मिति २०७७।०८।०३ गतेबाट स्वत खारेज भएकाले स्थानिय तह मल वितरण व्यवस्थापन समितिको मिति २०७७।०७।१४ गतेको निर्णय अनुसार नयाँ बिक्रेता नियुक्तिको सिफारिसका लागि आवश्यक कागजातसहित यो सूचना प्रकाशन भएको मितिले ०७ दिन (मिती २०७७/०८/०९ गते) भित्र कावासोती नगरपालिका कृषि, पशुपन्छी तथा मत्स्य विकास शाखामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा अनुरोध छ। थप जानकारीका लागि कृषि, पशुपन्छी तथा मत्स्य विकास शाखा (०७८–५४११६०) मा सम्पर्क गर्नुहुन अनुरोध छ।

डा. टेक राज पौडेल
पशु विकास अधिकृत
अधिकृतस्तर सातौं (प्रा.)

**आवश्यक कागजातहरु**

१. सहकारी संस्था, फर्म वा कम्पनीको निवेदन।
२. सहकारी संस्था, फर्म वा कम्पनी दर्ताको प्रमाणपत्र।
३. विगत दुई आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि।
४. स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्रको र करचुक्ताको प्रतिलिपि।
५. सम्बन्धित वडा कार्यालयको सिफारिस।
६. सहकारी संस्था, फर्म वा कम्पनीले रासायनिक मल बेचविखन गर्नेबारेको निर्णयको प्रतिलिपि।
७. अनुभव, कार्यदक्षता र कार्यक्षमताको विवरण।
८. नापतौल गर्ने मेसिन, गोदामघर र सूचना प्रविधि लगायतका भौतिक पूर्वाधारको विवरण।